अर्जुनचौपारी गाउँपालिका
Arjunchaupari Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
अर्जुनचौपारी, स्याङ्जा
Arjunchaupari, Syangja


प.सं. ०७९/०८०
च.नं.


गण्डकी प्रदेश, नेपाल
Gandaki Province, Nepal


मिति : २०७९/१०/१७

## मकै बाली तथा रैथाने बाली प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

यस अर्जुनचौपारी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कृषि विकास शाखाको आ.व २०७९/०८० को स्वीकृत सशर्त अनुदान अन्तर्गतका तपसिल बमोजिमका कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकाले ईच्छुक कृषक समुह/सहकारी/ आमा समुह/कृषि फर्म उपभोक्ता समितिले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन (२०७९/११/०२) भित्र तपसिलमा उल्लेखित कागजातहरु संलग्न गरी अर्जुनचौपारी गाउँपालिकाको कृषि विकास तथा पशुसेवा शाखामा प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल:

| क्र.सं. | कार्यक्रमको नाम | क्षेत्रफल | बजेट रु.(लाखमा) | कैफियत |
|---|---|---|---|---|
| १. | मकै बाली प्रवर्द्धन कार्यक्रम | १, २, ३ र४ नं. वडाहरु | २० | प्रदेश तथा स्थानीय तहमा शर्सत वित्तिय हस्तान्तरित कृषि विकास कार्यक्रम संचालन सम्बन्धि कार्यविधि,२०७९ तथा अर्जुनचौपारी गाउँपालिकाको निर्णय अनुसार हुनेछ। |
| २. | रैथाने बाली प्रवर्द्धन कार्यक्रम | ५ र ६ नं. वडाहरु | १० | प्रदेश तथा स्थानीय तहमा शर्सत वित्तिय हस्तान्तरित कृषि विकास कार्यक्रम संचालन सम्बन्धि कार्यविधि,२०७९ तथा अर्जुनचौपारी गाउँपालिकाको निर्णय अनुसार हुनेछ। |

**आवश्यक कागजातहरु :**

१)कृषक समुह/सहकारी/कृषि फर्म दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि र पछिल्लो आ.व. को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।
२) बाली प्रवर्द्धन माग गर्ने सम्बन्धी कार्य समितिको निर्णयको प्रतिलिपि।
३) कृषक समुह/सहकारी/कृषि फर्मको अध्यक्ष/प्रोपाईटरका नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि।
४) कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा/जमिन)को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तिमा ५ वर्षको सम्झौतापत्र।
५) मकै/रैथाने बाली प्रवर्द्धनात्मक कार्यक्रम, प्रदेश तथा स्थानीय तहमा शर्सत वित्तिय हस्तान्तरित कृषि विकास कार्यक्रम संचालन सम्बन्धि कार्यविधि,२०७९ को अनुसूची २, बमोजिमको ढाँचा अनुसार निवेदन।
६) वडा कार्यालयको सिफारिस पत्र।

- *आवेदन फारम र आधारभूत तथ्याङ्क फारम यस कार्यालयको वेभसाइट www.arjunchauparimun.gov.np बाट प्राप्त गर्न सकिनेछ।*
- *थप जानकारीका लागि अर्जुनचौपारी गाउँपालिका कृषि विकास शाखा तथा पशु सेवा शाखा (ओम बहादुर रोकाहा-९८४६००५४६५, प्रतीक अर्याल- ९८४६७८८४९०) मा सम्पर्क गर्नुहोला।*

उज्वल बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

"साझा प्रतिवद्धता, साझा जिम्मेवारीः हामी सवैको सपना समृद्ध अर्जुनचौपारी"